नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

खाद्य पदार्थ फिर्ता (Recall) गर्ने सम्बन्धि आदेश

प्रकाशित मिति : २०८३/०७/२४

यस विभाग वा अन्तरगतको निकायबाट उपभोक्ताको गुनासो सम्बोधन गर्ने क्रममा ईटहरी स्थित भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा. लि. मा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम अनुगमन निरिक्षण गर्दा तपसिलमा उल्लेखित विवरण भएको पैठारीकर्ताले पैठारी गरेको र उत्पादकले उत्पादन एवं बिक्रेताले बिक्री गरेको देहाय बमोजिमको विवरण भएको खाद्य पदार्थ (पाश्चुराइज्ड दही- Pasteurized Yogurt) मा स्पष्ट देखिने गरी ढुसी परेको पाईएको भनी इटहरीका ग्राहकले मिति २०८३/०७/२२ गते खरिद गरि लगेको सो खाद्य पदार्थमा ढुसी देखिएको भनी उजुरी गरेको हुँदा तिहारको सार्वजनिक बिदामा खटिइएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, सुनसरीको रैपिड रिस्पन्स तथा अलर्ट टोली (RRAT), प्रहरी कार्यालय, पकली एवं पत्रकारहरुको उपस्थितीमा गरिएको मिति २०८३/०७/२३ गतेको निरिक्षण अनुगमन प्रतिवेदन समेतका आधारमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३८(२) को प्रावधान बमोजिम उक्त ब्याच नं. का सबै खाद्य पदार्थ (पाश्चुराइज्ड दही- Pasteurized Yogurt) बजारबाट तत्काल फिर्ता (Recall) गर्न साथै सोही दफाको उपदफा (४) बमोजिम बिक्रि बितरण नगर्न/नगराउनु हुन सम्बन्धित पैठारीकर्ता तथा खाद्य व्यवसायीलाई सोहि ऐनको दफा ३८(२) बमोजिम यो आदेश जारी गरिएको छ।

यी उत्पादनका पैठारीकर्ता तथा विक्रेताले सो उत्पादनहरू सबै बिक्रीस्थलबाट संकलन तथा फिर्ता रिकल गरी उचित तवरले संचय गरि राख्न र प्रयोगशाला परीक्षण नतिजा तथा थप अनुसन्धान प्रतिवेदन पश्चात् प्राविधिक तवरले उचित व्यवस्थापन विभागका प्राविधिक प्रतिनिधि तथा स्थानीय प्रशासनको उपस्थितिमा गर्नु गराउनुका साथै यस्ता प्रकारका खाद्य पदार्थ बिक्री वितरण गर्ने खाद्य व्यवसायीले अनिवार्य रूपमा चिसो श्रृङ्खला कोल्ड चेनको अनिवार्य व्यवस्था गर्ने र शिलबन्द प्याकेट कतै टुटे फुटेको वा लिकेज भए नभएको एकिन गरेर मात्र बिक्री वितरण गर्न सुचित गरिन्छ।

तपसिलः

सि. नं.	खाद्य पदार्थको नाम	ब्याच नं.	ब्रान्ड	उत्पादन मिति/ उपभोग्य मिति	कारण	उत्पादकको नाम, ठेगाना	खुद्रा बिक्रेताको नाम	आयातकर्ताको नाम, ठेगाना
१.	पाश्चुराइज्ड दही- (Pasteurized Yogurt)	F-272 25 S	PASCUAL (BIG DAY)	उत्पादन मिति : 21-03-2026 उपभोग्य मिति: 20-02-2027	उपभोक्ताले स्पष्ट देखिने गरी खरिद गरेको दिनमा पाकेट फुटाउँदा ढुँसी परेको प्रमाण तथा बिल पेस गरेको।	Calidad Pascual, S.A.U. Ctra de. Palencia s/n, 09400 Aranda de Duero (Burgos) Spain	भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा. लि., ईटहरी, सुनसरी	Gourmet Vienna Meat and More Products Company Pvt. Ltd., Mandikhatar, Budhanilkantha-9, Kathmandu, Nepal

बोधार्थः

१. श्री खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर
२. श्री खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, सुनसरी

कार्यार्थः

१. भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा.लि ., ईटहरी, सुनसरी
२. Gourmet Vienna Meat and More Products Company Pvt. Ltd., Mandikhatar, Budhanilkantha-9, Kathmandu

नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय


खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं









नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं